३

# परमेश्वर पिता को हुनुहुन्छ ?

परमेश्वर । कुनै व्यक्ति अथवा थोक उहाँभन्दा उच्च छैन । उहाँसँग मात्र पूर्ण अधिकार छ । उहाँ सबैथोकभन्दा उच्च हुनुहुन्छ ।

"परमेश्वर" शब्द एक मात्र अस्तित्वमा हुनुहुनेको सहीरुपमा अधिनमा छ, तापनि मानिसले मानिसले बनाएका विचारहरू र ढुंगा, काठ र माटोको प्रतिमूर्तिहरूलाई आराधना गर्ने गल्ती गरेको छ । परमेश्वर एउटै मात्र हुनुहुन्छ; उहाँमात्र सबै साँचो आराधनाको हकदार हुनुहुन्छ । अरु कुनै पनि तथाकथित वस्तुहरूलाई गरिएको आराधना, चाहे त्यो काल्पनिक अथवा जीवित होस्, त्यो आराधना झूठो हो ।

यदि हामीले परमेश्वरलाई दिनुपर्ने सम्मान थोरै शब्दहरूमा वर्णन गर्न चाहन्छौं भने, हामीले १ तिमोथी १:१७भन्दा महान र सरल व्याख्या कही पाउन सक्दैनौं: "युग-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस् । आमिन ।" परमेश्वरबारेको सत्यता पुरानो इस्राएलले बारम्बार पाठ गर्ने गरेको कथनमा संक्षेपमा वर्णन गरिएको छ: "... परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ ! तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर" (व्यवस्था ६:४, ५) । परमेश्वर को हुनुहुन्छ भन्ने कुरा ध्यानमा राखी, येशूले हरेक हृदयमा राख्ने निश्चय गर्नुपर्ने कुराको घोषणा गर्नुहुन्छ: "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नु र उहाँको मात्र सेवा गर्नु" (मत्ती ४:१० ख) ।

सत्य परमेश्वरलाई धर्मशास्त्रमा गुणमा "तीन" भनी वर्णन गरिएको छ । त्यसो भन्नुको अर्थ हो, उहाँ एक हुनुहुन्छ, तापनि उहाँ तीन हुनुहुन्छ - परमेश्वर पिता, परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा । ईश्वरत्वको तीन व्यक्तित्वहरू एक आपसमा समान हुनुहुन्छ

र प्रत्येक अनन्त हुनुहुन्छ । प्रत्येकले अलौकिक बुध्दिमत्ता, भावना र इच्छा झल्कने विशिष्ट व्यक्तित्व धारण गर्नुभएको छ; त्यसो भए तापनि उहाँहरू तीनैको सार र अभिप्राय एउटै छ ।

परमेश्वर एउटै हुँदाहुँदै पनि तीन हुनुहुन्छ–भन्ने यो अवधारणालाई ईश्वरत्व भनिन्छ (प्रेरित १७:२९, रोमी १:२०, कलस्सी २:९) ।[1] यो महान सत्य हाम्रो मानवीय समझभन्दा धेरै परको कुरा हो–तर हाम्रो विश्वासभन्दा परको कुरा होइन, किनभने यसबारेमा परमेश्वरको वचनमा स्पष्ट शिक्षा दिइएको छ । हामी यसलाई विश्वासद्वारा स्वीकार गर्दछौं–यसलाई हामीले परिकल्पना गरेको कारणले होइन, त्यो साँचो हुनसक्ला भनी अनुमान गरेको कारणले पनि होइन र हामीले त्यस्तो सत्यकोबारेमा हामी वरिपरी रहेको संसारबाट सिकेको कारणले पनि होइन । हामी यो सत्यलाई स्वीकार गर्दछौं र विश्वास गर्दछौं किनभने यो हाम्रो निम्ति धर्मशास्त्रहरूका प्रेरणाप्राप्त वचनमा लेखेर दिइएको छ ।

परमेश्वर पिता, पुत्र र पवित्र आत्मा हुनुहुन्छ भन्ने विचारलाई धर्मशास्त्रमा सोझै व्याख्या गरिएको छैन, तर यो अवगत गराइएको छ । पुरानो करारमा भएका लेखहरू जसले ईश्वरत्वको विचारबारेमा संकेत गर्दछन् त्यसमा ईश्वरीय नाम पनि संलग्न छ, त्यो हिब्रू शब्द “ईलोहिम” हो, एक यस्तो शब्द त्यो स्वरुपमा बहुवचनात्मक हुन्छ । पुराना करारका अरु लेखहरूमा परमेश्वरलाई उल्लेख गर्दै बहुवचनात्मक सर्वनामहरू प्रयोग गरिएका छन्–जस्तै उत्पत्ति १:२६, जसले भन्दछ, “मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं, ... ।”[2]

नयाँ करारमा हामीले ईश्वरत्वको तीन सदस्यहरूकोबारेमा पढ्न पाउँछौं । येशूको वप्तिष्मामा, पवित्र-आत्मा ढुकुरकोरुपमा उहाँमा ओर्लनु हुन्छ, त्यसै समयमा पिताको स्वरले घोषणा गर्नुहुन्छ, “यिनी मेरो प्रिय पुत्र हुन्, ...” (मत्ती ३:१७) । जब हाम्रा प्रभुले आफ्नो चेलाहरूलाई उहाँले पवित्र आत्मा पठाउने छु भनी प्रतिज्ञा गर्नुभएको थियो, उहाँले आत्मा, परमेश्वर र आफ्नैबारेमा एउटा संकेत गर्नुभएको थियो, “जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात सत्यका आत्मा, जो पिताबाट

[1] “ईश्वरत्व” भनी अनुवाद गर्न सकिने तीनवटा ग्रीक शब्दहरू प्रत्येक धर्मशास्त्रहरूमा एकपल्ट मात्र देखापरेका छन् (प्रेरित १७:२९, रोमी १:२०, कलस्सी २:९ केजेभी) ।

[2] तीन अरु उदाहरणहरू उत्पत्ति ३:२२, ११:७, यशैया ६:८ मा पाइन्छ ।

आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ” (यूहन्ना १५:२६) ।

मानिसको उध्दारको काममा ईश्वरत्वका सबै तीन अंगहरू संलग्न हुनुहुन्छ। पत्रुस लेख्दछन्, “येशू ख्रीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काइको निम्ति पवित्र आत्माद्वारा शुध्द भई परमेश्वर पिताद्वारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरूलाई ...” (१ पत्रुस १:२) । ईश्वरत्व परमेश्वरसम्म पुऱ्याउन गरिने हाम्रो प्रार्थनामा पनि देखिन्छ, किनभने पावलले भनेका छन्, येशूद्वारा सबैले “एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं” (एफिसी २:१८) ।

महान् आज्ञाले बप्तिष्मालाई त्रि-एकको नाममा दिइने कार्यकोरुपमा चित्रण गरेको छः “यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिष्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु” (मत्ती २८:१९, २०) ।

बाइबलभरि, परमेश्वर पितालाई सधैं व्यक्तिवाचक सर्वनामका साथ पुरुष लिङ्गमा (“उहाँ”) भनी उल्लेख गरिएको छ । उहाँ पिता, सृष्टिकर्ता, यहोवा, सर्वशक्तिमान् र परमप्रभु परमेश्वर हुनुहुन्छ । ईश्वरत्वका तीन सदस्यहरूमा उहाँ सधै पहिलो स्थानमा खडा हुनुहुन्छ। बाइबलले उहाँलाई बुध्दि, शक्ति, प्रेम, दया र न्यायमा सबैभन्दा उच्च हुनुहुन्छ भनी देखाएको छ । एक यस्तोरुपमा जसले योजना बनाउनुभयो,रुपरेखा तयार गर्नुभयो र यो ब्रम्हाण्डको सृष्टि गर्नुभयो, उहाँ सम्पूर्ण शक्तिहरू र अधिकारहरू माथिको सर्वोच्च अधिकारी र सार्वभौम शासक हुनुहुन्छ । जसले उहाँको आराधना र आज्ञापालन गर्छन् उहाँ उनीहरूको पिता हुनुहुन्छ । उहाँमा सबै जीवहरू, साथै मानवजाति पनि, जिउँछन् र चहलपहल गर्छन् र उनीहरूको अस्तित्व छ (प्रेरित १७:२८) ।

परमेश्वरलाई सबै मानिस, सबै देशहरू र जातिहरूले एक मात्र सत्य परमेश्वरकोरुपमा आराधना गर्नु पर्दछ। येशू ख्रीष्टद्वारा मात्र उहाँ कहाँ पुग्न सकिन्छ। हामी स्वर्गदूतहरू, सन्तहरू र अरु कुनै जीवित अथवा मरेका मानिसहरूद्वारा उनीहरू जति नै असल भए तापनि अथवा भएको भए तापनि उहाँ कहाँ पुग्न सक्दैनौं । परमेश्वर र मानिसहरूको बिचमा एकमात्र साँचो मध्यस्थकर्ता उहाँका पुत्र, येशू

हुनुहुन्छ (१ तिमोथी २:५) । मानिसलाई उपलब्ध पिताकहाँ आउने एकमात्र बाटो येशू हुनुहुन्छ । येशूले भन्नुभएको थियो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६) ।

ईश्वरत्वको दोस्रो सदस्य प्रभु येशू ख्रीष्ट हुनुहुन्छ । उहाँद्वारा नै परमेश्वर पिताले पृथ्वी र मानिस सृष्टि गर्नुभएको थियो (कलस्सी १:१६) । मानिससँगको उहाँको सम्बन्धमा, येशूलाई "मानिसको पुत्र" भनिएको छ, परमेश्वरसँगको उहाँको सम्बन्धमा, उहाँलाई "परमेश्वरका पुत्र" भनिएको छ । उहाँमात्र ईश्वरत्वको त्यो सदस्य हुनुहुन्छ जसले मानिसको शरीर धारण गर्नुभयो र शारीरिकरुपमा पृथ्वीमा जीवन बिताउनु भयो । उहाँ मानव जातिको मुक्तिदाता र उध्दारकर्ता हुनुहुन्छ । उहाँलाई सबै मानिसहरूद्वारा उपासना र प्रशंसा गरिनु पर्दछ । उहाँले त्यो उपाय प्रदान गर्नुभएको छ जसद्वारा सारा पृथ्वी आराधनामा परमेश्वरकहाँ आउन सक्छन् ।

> यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनिभएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ (फिलिप्पी २:९-११) ।

ईश्वरत्वको तेस्रो सदस्य पवित्र आत्मा हुनुहुन्छ । उहाँको गुण र व्यक्तित्व पनि परमेश्वर र ख्रीष्टको जस्तै छ । उहाँहरू जस्तै, उहाँलाई पनि व्यक्तिवाचक सर्वनामहरूद्वारा सम्बोधन गरिएको र उहाँलाई सधै पुलिङ्ग ("उहाँ") शब्दमा उल्लेख गरिएको छ । बाइबलमा ईश्वरत्वका अरु दुई सदस्यहरूका साथमा जब उहाँको पनि कुरा गरिएको छ, उहाँलाई संधै तेस्रो स्थानमा उल्लेख गरिएको छ । उहाँलाई नयाँ करारमा मानिसलाई अगुवाई गरिने र निर्देशित गरिने साधनकोरुपमा उल्लेख गरिएको छ । उहाँ धर्मशास्त्रहरूद्वारा हाम्रो सहायक हुनुहुन्छ । उहाँले पुरानो र नयाँ करार लेख्नलाई प्रेरणा दिनुभएको थियो; त्यसैकारण, धर्मशास्त्रहरूलाई "आत्माको तरवार" कोरुपमा उल्लेख गरिएका छन् (एफिसी ६:१७), त्यो औजार जसलाई उहाँले आफ्नो काम गर्न प्रयोग गर्नुहुन्छ । जो परमेश्वरका सन्तान हुँदछन्, तिनीहरूमा

उहाँ बास गर्नु (भित्र बस्नु) हुन्छ (१ कोरिन्थी ६:१९, २०)।

उहाँहरू तीनजना अनन्तदेखि एकैसाथ अस्तित्वमा हुनुहुन्छ र ईश्वरत्व बन्नुभएको छ। त्यसो हुँदाहुँदै पनि उहाँहरूबारेमा यस्ता धेरै कुराहरू छन् जसबारे हामीलाई थाहा छैन, हामी उहाँहरू प्रत्येक अस्तित्वमा हुनुहुन्छ र उहाँहरू तीन मिलेर महिमित त्रिएक बन्नुभएको छ भनी ढुक्क हुन सक्दछौं। उहाँहरू एकिकृत र एकरुपमा अस्तित्वमा हुनुहुन्छ। उहाँहरू अनन्त, विशिष्ट र सबै सृष्टि गरिएका थोकहरूभन्दा फरक हुनुहुन्छ र उहाँहरू इच्छा र उद्देश्यमा एक हुनुहुन्छ।

परमेश्वरको तीन व्यक्तित्वहरूको गुणहरूभन्दाबढी, परमेश्वर पिताबारेमा हामीलाई अरु के कुरा थाहा छ ? आधारभूतरुपमा बाइबलले उहाँको एक महान, सम्पूर्ण सत्यबारेमा शिक्षा दिँदछः उहाँ एक मात्र सत्य र जीवित परमेश्वर हुनुहुन्छ र उहाँलाई त्यसैरुपमा सबै व्यक्तिबाट आराधना गरिनु पर्दछ। कसैले पनि बाइबलको कुनै पनि भाग पुरानो करार अथवा नयाँ करार पढ्दा यो सत्यबारेमा जोडदाररुपमा शिक्षा दिइएको नदेखी रहन सक्दैनन्।

आउनुहोस् हामी "परमेश्वर पिता को हुनुहुन्छ ?" भन्ने प्रश्नलाई अझ गहिरिएर हेरौं।

## हाम्रा सृष्टिकर्ता

परमेश्वरले सबैथोक सृष्टि गर्नुभएको थियो। उहाँले सबैथोकहरू बनाउनुभएको हो र उहाँ सबैथोकको मालिक हुनुहुन्छ। उहाँले नबनाई अथवा बनाउने अनुमति नदिई कुनै कुरा अस्तित्वमा रहन सक्दैन, र अस्तित्वमा भएका सबै थोक उहाँका हुन्।

पृथ्वी र मानवजाति संयोगले विकसित भएका होइनन्; तिनीहरू परमेश्वरको महिमित हातद्वारा सृष्टि गरिएका थिए। यहि कारण हो जसले गर्दा हामी पृथ्वीको आयु वैज्ञानिक तवरले निर्धारण गर्नेबारेमा चिन्तित हुनु हुँदैन। यो संसार अद्भूतरुपमा सुरुभएको थियो; त्यसैले यो वास्तविकभन्दा पुरानो देखिन्छ। परमेश्वरले केही हदसम्म एक परि पक्व पृथ्वी सृष्टि गर्नुभएको थियो। उहाँले मानिसलाई झुक्याउने प्रयास गर्नुभएको होइन, तर उहाँले मानिसको अस्तित्व रहनसक्ने एक उपयुक्त पूर्ण परिपक्व पृथ्वी बनाउनुभएको थियो।

उहाँले पहिलो जोडी, आदम र हव्वालाई पूर्ण वयस्करुपमा

बनाउनुभयो, बच्चाकोरुपमा होइन। यदि तपाई र म उहाँले उनीहरूलाई सृष्टि गर्नुभएको दिनमा उपस्थितभएको भए, उनीहरू हामीलाई बिसका उमेर भएका जोडी जस्ता देखिन्थे होलान्; तर उनीहरूले भरखरै जीवन पाएका थिए । त्यसो भए तापनि, पृथ्वी सुरुमै पूर्ण विकसित वनस्पति, पानी, हावा र जीवन संचालन गर्ने माटोको साथमा परमेश्वरको आश्चर्यपूर्ण सृष्टिद्वारा निर्माणभएको थियो ।

परमेश्वरले सबै थोक सृष्टि गर्नुभएको हो भन्ने सत्यबाट परमेश्वरकाबारेमा थाहा पाउनु पर्ने अरु कुराहरू पनि रहेछन् भन्ने कुरा हामीलाई थाहा हुन्छ। तिनीहरू के हुन् ?

**सबै वास्तविकताहरूको पछाडि उहाँ हुनुहुन्छ ।**

अस्तित्वमा भएकाहरूलाई दुई वर्गमा विभाजित गर्न सकिन्छः उहाँ जो परमेश्वर हुनुहुन्छ र ती जो परमेश्वर होइनन् । परमेश्वर पहिलो र प्रमुख आधारभूत वास्तविकता हुनुहुन्छ। सबै अरु थोकहरू उहाँबाट सृष्टि भएका हुन् अथवा उहाँको अधिकारद्वारा बन्ने अनुमति दिइएका हुन् र त्यसैले परमेश्वर होइनन् ।

**उहाँ अनन्त हुनुहुन्छ ।**

> पहाडहरू उत्पन्न हुनुभन्दाअघि, अथवा तपाईले पृथ्वी र संसार सृजनुभन्दाअघि, अनादिदेखि अनन्तसम्म तपाई नै परमेश्वर हुनुहुन्छ (भजनसंग्रह ९०:२) ।
>
> तर तपाई त एकैनाशका हुनुहुन्छ र तपाईका वर्षहरूको अन्त्य नै हुँदैन (भजनसंग्रह १०२:२७) ।

परमेश्वरको सुरु नै छैन र अन्त्य पनि हुने छैन । उहाँ समयभन्दाअघिबाट हुनुहुन्छ, अनन्तको एक कालखण्डमा समय सृष्टि गरिएको थियो । उहाँ एक अनन्तदेखि अस्तित्वमा हुनुहुने हुनुहुन्छ जसका निम्ति विगत, वर्तमान र भविष्य समयको एक क्षण जस्ता छन् । उहाँ अहिले त्यो अनन्तमा बास गर्नुहुन्छ । उहाँले विगत र भविष्यलाई पनि वर्तमानलाई देखेजस्तै स्पष्टरुपमा देख्नुहुन्छ । उहाँ सदाकालदेखि हुनुहुन्छ र सदासर्वदै रहनुहुनेछ ।

**उहाँ सर्वशक्तिमान हुनुहुन्छ ।**

> “हे परमप्रभु परमेश्वर, तपाईले नै आफ्नो महाशक्ति र पसारिएको

बाहुले आकाश र पृथ्वी सृष्टि गर्नुभएको हो । तपाईको लागि कुनै काम कठिन छैन” (यर्मिया ३२:१७) ।

“सबै मानवजातिका परमेश्वर म हुँ, के कुनै कुरो मेरो निम्ति कठिन छ र ?” (यर्मिया ३२:२७) ।

उहाँको गुणलाई कायम राखेर उहाँले जे पनि गर्न सक्नुहुन्छ । निश्चय नै, उहाँले दुष्टतालाई कृपाकासाथ हेर्न सक्नुहुँदैन, र उहाँ दुष्टबाट परिक्षित हुनसक्नु हुँदैन, किनभने उहाँ धर्मी हुनुहुन्छ (हबकूक १:१३) । उहाँको विश्वासयोग्यताको कारणले गर्दा उहाँले आफ्नै स्वभावलाई इन्कार गर्नसक्नु हुँदैन (२ तिमोथी २:१३), किनभने उहाँले भूठो बोल्न सक्नुहुन्न (तीतस १:२) । त्यसो भए तापनि, उहाँको स्वभावमा रहेर, उहाँले कुनै पनि कुरा गर्न सक्नुहुन्छ । कुनै पनि थोक उहाँको निम्ति त्यति गाह्रो हुँदैन ।

**उहाँ सर्वज्ञानी हुनुहुन्छ ।**

परभप्रभु भन्नुहुन्छ, “के म नजिक मात्र रहने परमेश्वर हुँ र टाढाकोचाहिँ परमेश्वर होइन ? के कोही मानिस गुप्त ठाउँहरूमा लुक्न सक्छ र म त्यसलाई देख्न सक्दिनँ ?” परमप्रभु भन्नुहुन्छ । “के स्वर्ग र पृथ्वी दुवैलाई म ढाक्दिनँ र ?” परमप्रभु भन्नुहुन्छ (यर्मिया २३:२३, २४) ।

परमप्रभुको नजर सर्वत्र रहन्छ, दुष्ट र असल दुवैमाथि उहाँ नजर राख्नुहुन्छ (हितोपदेश १५:३) ।

उहाँलाई सबै कुरा तुरुन्तै, यथार्थतापूर्वक र पूर्णरुपमा थाहा हुन्छ । उहाँलाई केही कुरा थाहा पाईराख्नु पर्दैन । उहाँलाई कुनै सल्लाहकार, कुनै शिक्षक र कुनै सूचनाको आवश्यकता पर्दैन । उहाँलाई थाहा हुनपर्ने सम्पूर्ण कुरा थाहा हुन्छ ।

**उहाँ सर्वव्यापी हुनुहुन्छ ।**

तपाईंका आत्माबाट म कहाँ अलग जान सक्छु ? अथवा तपाईको उपस्थितिबाट म कहाँ भाग्न सक्छु ? म आकाशमा गएँ भने, तपाई त्यहाँ हुनुहुन्छ, गहिराइमा आफ्नो ओछ्यान बनाएँ भने, त्यहाँ पनि तपाई हुनुहुन्छ । प्रभातको पखेटामा उडेर समुद्रको पल्लो किनारमा

> गएर बसें भने पनि, त्यहाँ पनि तपाईको बाहुलीले मलाई डोऱ्याउनेछ र तपाईको दाहिने बाहुलीले मलाई पक्रिराख्नेछ । यदि म भनूँ, "अँध्यारोले मलाई छोप्नेछ, अनि प्रकाश मेरो चारैतिर रातको अन्धकार हुनेछ", तापनि अन्धकार तपाईको निम्ति अँध्यारो हुने छैन, रात त दिनको उज्यालोजस्तै चम्कनेछ, किनभने अन्धकार तपाईको निम्ति ज्योतिजस्तै हो (भजनसंग्रह १३९:७-१२) ।

> "... उहाँ हामी हरेकबाट टाढा हुनुहुन्न, किनभने हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ ..." (प्रेरित १७:२७, २८) ।

हामी जहाँ जाऔं, परमेश्वर त्यहाँ हुनुहुन्छ। हामी उहाँबाट लुक्न सक्दैनौं अथवा उहाँको सबै कुरा देख्ने आँखाबाट कुनै पनि कुरा लुकाउन सक्दैनौं । न दूरीले न ता अन्धकारले हामीलाई उहाँको उपस्थितिबाट अलग गर्न सक्दछ ।

**उहाँ मात्र सत्य र जीवित परमेश्वर हुनुहुन्छ ।**

उहाँ जीवित हुनुहुन्छ (मत्ती १६:१६) र उहाँ साँचो हुनुहुन्छ (१ थेसलोनिकी १:९) । जसरी एउटा छोरा उसको बुबाजस्तै देखिन्छ, मानवजाति पनि केही हदसम्म हाम्रा सृष्टिकर्ता, परमेश्वर जस्तै छन् । मानिसले जस्तै, परमेश्वरले पनि देख्नुहुन्छ, सुन्नुहुन्छ, बोल्नुहुन्छ, अनुभव गर्नुहुन्छ, इच्छा गर्नुहुन्छ र काम गर्नुहुन्छ । त्यसो भए तापनि, परमेश्वर देखिनु हुँदैन; उहाँ एक आत्मा हुनुहुन्छ जो एकै समयमा सबै ठाउँ उपस्थित हुन सक्नुहुन्छ (यूहन्ना ४:२४) ।

त्यसो भए, परमेश्वर पिता को हुनुहुन्छ ? उहाँ अनन्तदेखि अस्तित्वमा हुनुहुने र सबैथोकका सृष्टिकर्ता, गुणमा तीन, सर्वज्ञानी, सर्वशक्तिमान र सर्वव्यापी हुनुहुन्छ ।

सबैथोकहरू परमेश्वरले सृष्टि गर्नुभएकोले, सबैथोक उहाँका अधिनमा छन् र उहाँ हाम्रो उपासनाको योग्य हुनुहुन्छ । सबै भौतिक कुराहरू उहाँका सम्पत्ति हुन्, पृथ्वीका सबै जीवहरू उहाँका हुन् र पृथ्वीका सबै मानिसहरू उहाँका हुन् । हामीले उहाँको आराधना गर्नु र सेवा गर्नु उचित हुन्छ । यदि हामी अरु कुनै किसिमको देवतालाई विशेष आदर गर्छौं र पुज्छौं भने हामीले एउटा झूठलाई आराधना र सेवा गरिरहेका हुन्छौं ।

# हाम्रा पालनहार

परमेश्वरले यो ब्रम्हाण्डको सृष्टि मात्र गर्नुभएको होइन, तर उहाँले आज पनि यसको हेरचाह गर्नुहुन्छ । उहाँले यसलाई टुटफूट हुन, बिग्रन, अथवा उहाँले इच्छा गर्नु भएअनुसार काम गर्न असमर्थ हुनबाट बचाउनु हुन्छ (कलस्सी १:१६, १७) ।

यो तथ्य विवेकको साथसाथै ईश्वरीय प्रेरणाबाट पनि प्रमाणितभएको छ । विवेकपूर्ण सोचाइले पनि हामीलाई परमेश्वरले यो पृथ्वी सृष्टि गर्नुभएको हो र यसलाई निरन्तर रेखदेख गर्नुहुन्छ भन्दछ । यस पृथ्वीको कुनै पनि थोकले आफैं जीवन निर्वाह गर्दैन । यो कुरा प्रत्यक्ष छ, कुनै सर्वशक्तिमानको हातले यसलाई थामीराखेको छ । मानिसले त आफ्नैसम्म हेरविचार गर्न सक्दैन । उसले सास फेर्ने हावा, उसले पिउने पानी, अथवा उसलाई आवश्यक पर्ने घाम-प्रकाश उ आफैले बनाउन सक्दैन । उ पूर्णरुपमा यो पृथ्वी जसरी संचालित हुनु पर्ने हो त्यसमाथि निर्भर छ ।

परमेश्वरको प्रेरणाप्राप्त वचनको साक्षीले भनेअनुसार परमेश्वरले यस संसारलाई थामी राख्नुभएको छ । आकाश र पृथ्वीको सृष्टिमा, उहाँको संसार निरन्तर चलोस् भनी उहाँले प्राकृतिक नियमहरूको गति मिलाईदिनुभएको थियो ।

> अनि परमेश्वरले भन्नुभयो, "अन्तरिक्षमा दिन र रात छुट्याउनलाई ज्योतिहरू होऊन् र तिनीहरू ऋतुहरू, दिनहरू र वर्षहरू छुट्याउन चिन्हकोरुपमा काम गरुन्" (उत्पत्ति १:१४) ।

> तब परमेश्वरले भन्नुभयो, "हेर, म तिमीहरूलाई पृथ्वीका सबै बिउ उमार्ने बोटहरू र फलमा नै बिउ हुने सबै फलका रुखहरू दिन्छु । ती तिमीहरूलाई आहाराको निम्ति हुनेछन्, र पृथ्वीको हरेक पशु, आकाशको हरेक पंक्षी र जमिनमा चलहल गर्ने हरेक जन्तु–हरेक प्राणी जसमा जीवन छ–तिमीहरूका आहाराको निम्ति म हरिया वनस्पति दिन्छु"; तब त्यसै भयो (उत्पत्ति १:२९, ३०) ।

प्राकृतिक नियमहरूलाई सञ्चालन गरिराख्नको निम्ति, आफ्नो ईश्वरीय प्रबन्धका साथ उहाँले यो ब्रम्हाण्ड र यससँग सम्बन्धित

सम्पूर्ण शक्तिहरूलाई थामी राख्नुहुन्छ।

> "तपाई मात्र परमप्रभु हुनुहुन्छ। तपाईले नै स्वर्ग, सर्वोच्च आकाश र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबैथोक, र समुद्रहरू र तिनमा भएका सबैथोकहरू बनाउनुभयो। तपाईले नै तिनीहरू सबैलाई जीवन दिनुहुन्छ, र स्वर्गका सारा समुदायले तपाईलाई पुज्दछन्" (नहेम्याह ९:६)।

विशेष गरेर, उहाँले मानिस र पशुलाई संरक्षण प्रदान गर्नुहुन्छ: "... हे परमप्रभु, तपाईले मानिस र पशुलाई जोगाइराख्नुहुन्छ" (भजनसंग्रह ३६:६)। उहाँले पृथ्वीका सबै जीवित जीवातहरूलाई खुवाउनु हुन्छ: "उहाँले भोकाएका पशुहरूलाई र कागका बचेराहरूलाई आहारा दिनुहुन्छ" (भजनसंग्रह १४७:९)। उहाँले हावामा उड्ने पक्षीहरूको हेरचाह गर्नुहुन्छ: "आकाशका चराचुरुङ्गीलाई हेर, तिनीहरूले नता बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा बढी मूल्यवान छैनौ र ?" (मत्ती ६:२६), "के एक पैसामा दुइ भँगेरा बिक्दैनन् ? ती मध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्ने छैन" (मत्ती १०:२९)। उहाँले संसारका मानिसहरूको राज्यहरूमाथि शासन गर्नुहुन्छ: "उहाँले जाति-जातिहरूलाई महान बनाउनुहुन्छ र तिनीहरूलाई नाश गर्नुहुन्छ, उहाँले जातिहरूलाई विस्तार गर्नुहुन्छ र तिनीहरूलाई छरपष्ट पार्नुहुन्छ" (अयूव १२:२३)। उहाँले धर्मीहरूलाई सुरक्षा र आशिष दिनुहुन्छ: "तर अपराधीहरूचाहिँ सखापै हुनेछन्, दुष्टका सन्तानचाहिँ बहिष्कृत हुनेछन्। धर्मीजनहरूको उध्दार परमप्रभुको तर्फबाट हुन्छ, दु:खको समयमा उहाँ नै तिनीहरूको शरणस्थान हुनुहुन्छ" (भजनसंग्रह ३७:३८, ३९); "तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्" (मत्ती १०:३०)। जो उहाँको नजिक आउँछन् र उहाँको आज्ञापालन गर्दछन्, उहाँले तिनीहरूलाई अनन्त जीवन प्रदान गर्नुहुन्छ: "मेरा भेडाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरोपछि आउँछन्, तिनीहरूलाई म अनन्त जीवन दिन्छु र तिनीहरू कहिल्यै नष्ट हुने छैनन् र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजाने छैन" (यूहन्ना १०:२७, २८)।

संसारको धेरैजसो शहरहरूमा मानिसहरूको निम्ति कुनै न कुनै प्रकारको यातायातको व्यवस्था गरिएको हुन्छ। ती बाहनहरू जसद्वारा

यी प्रणालीहरू बनेका हुन्छन् तिनीहरूलाई निश्चय नै रेखदेख गरिनु पर्दछ । यदि तिनीहरूलाई तेलहरू परिवर्तन गरी, बिग्रेका कलपूर्जाहरू बनाइ र पुराना कलपूर्जाहरू फेरी चालु अवस्थामा नराखे, तिनीहरू चाँडै सडकका किनारामा छोडिनेछन् । सबै यन्त्रलाई सम्भारको आवश्यकता पर्छ । हामीलाई पृथ्वीमाभएको कुनै यस्तो यन्त्रकोबारेमा जानकारी छैन जसलाई मर्मत सम्भारको आवश्यकता नहोस् । यो पृथ्वी पनि एक ठूलो यन्त्र जस्तै छ । यसलाई पनि हेरचाह र सम्भार गरिनु पर्दछ र बाइबल यसो भन्दछ स्वर्गका परमेश्वरले यसलाई यथास्थानमा सम्हाली राख्नुभएको छ (हिब्रू १:३) ।

हामीलाई हेरचाह गर्नुभएकोमा र हाम्रो आवश्यकता पूरा गर्नुभएकोमा हामी परमेश्वरप्रति कति धन्यवादी हुनुपर्छ ! परमेश्वरको कृपादृष्टि मानिसको भलाईको निम्ति हो भन्नेमा कसैले शंका गर्नुहुँदैन (प्रेरित १४:१७), किनभने उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्य उदय गराइदिनु हुन्छ (मत्ती ५:४५) । यो सबैकोअघि प्रमाणितभएको कुरा हो जसले उहाँको सेवा गरेका छन्, जो विश्वासयोग्यतासाथ हिँडेका छन्, उहाँले तिनीहरूलाई कुनै असल थोकबाट वन्चित गर्नुभएको छैन (भजनसंग्रह ८४:११, रोमी ८:२८) ।

## हाम्रा उध्दारकर्ता

परमेश्वर हाम्रा उध्दारकर्ता, हाम्रा मुक्तिदाता हुनुहुन्छ । उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामीलाई पापबाट बचाउन चाहनुहुन्छ । हाम्रो अनन्तको आसा उहाँमा मात्र छ ।

उहाँको हामी प्रतिको प्रेमबारेमा वर्णन गर्न कठिन छ । हामीले थाहा पाउन सक्ने कुनै पनि मानवीय प्रेमभन्दा यो महान छ । सबै मानिसहरूले पाप गरेर आफैलाई स्वेच्छाले उहाँबाट अलग गरेको भए तापनि, उहाँ तिनीहरूलाई बचाउन चाहनुहुन्छ । उहाँले ख्रीष्टलाई यस संसारमा पठाइ हाम्रो मुक्तिको निम्ति अन्तिम बलिदान बनाएर उहाँद्वारा हामीलाई मुक्ति प्रदान गर्नुभएको छ ।

परमेश्वर, पूर्ण धर्मी हुनुभएकोले पापलाई उहाँले त्यतिकै क्षमा गर्न सक्नुहुन्न । हामीले अनन्त मृत्यु अनुभव नगरी हाम्रो पापको दाम तिर्न सक्दैनौं । परमेश्वरले येशूलाई क्रूसमा हाम्रो पापको दण्ड सहन पठाउनुभयो । उहाँको मुक्तिको सन्देशलाई ग्रहण गरेर र आज्ञापालन

गरेर कोही पनि उहाँ कहाँ आउँछ भने उसले येशूको मृत्युबाट लाभ पाउनेछ। यसरी बाइबलले परमेश्वरलाई पनि हाम्रो मुक्तिदाताकोरुपमा वर्णन गरेको छ (तीतस १:३), जसरी यसले येशूलाई हाम्रो मुक्तिदाताकोरुपमा वर्णन गरेको छ (तीतस २:१३) । परमेश्वरले हाम्रो मुक्तिको योजना संसारको सृष्टिभन्दा अगाडिदेखि नै गर्नुभएको थियो (१ पत्रुस १:२०) । अब उहाँ प्रेमका साथ सबै मानिसहरूले उहाँको सन्देश सुनुन्, पश्चाताप गरुन् (तिनीहरूको मन र तिनीहरूको जीवन परिवर्तन गरुन्), र उहाँको मुक्ति ग्रहण गरुन् भनी पर्खिरहनुभएको छ (२ पत्रुस ३:९) ।

एउटा केटोको कल्पना गर्नुहोस् जसको एउटा दुर्व्यवहार गर्ने बुबा थियो । उसको बुबा उसलाई गाली गर्नु पर्दा मात्र उ सँग बोल्ने गर्दथ्यो । जब-जब उसले कुनै गल्ती गर्थ्यो, उसको बुबाले उसलाई कुट्ने गर्दथ्यो । यस्तो प्रकारको सम्बन्धमा उसको बुबासँग वर्षौं बसिसकेपछि उसले आफ्नो बुबालाई एक प्रेमिलो पिताकोरुपमा होइन एक कठोर न्यायकर्ताकोरुपमा सम्झन थाल्यो । उ आफ्नो बुबासँग डराउँथ्यो, तर उसले उनलाई प्रेम गर्दैनथ्यो । उ उनीसँगै हुँदा पनि आनन्दित हुँदैनथ्यो । जब-जब उसले "पिता" भन्ने शब्द सुन्थ्यो, उसले आफूले झापड खाएको अथवा कुटिएको सम्झन्थ्यो । यो अभागी केटो लाई "पिता" शब्दमाभएको सुन्दर अर्थ देख्न पनि कठिन हुन्थ्यो, जुन वास्तवमा त्यो शब्दले देखाउनुपर्ने हुन्छ ।

केही मानिसहरूको "परमेश्वर" शब्दबारेमा यस्तै प्रकारको अनुभूति हुन्छ । उनीहरूले जीवनभरि परमेश्वरलाई एक न्यायकर्ताकोरुपमा मात्र हेर्ने शिक्षा पाएका हुन्छन् जसले उनीहरूले कुनै गल्ती गरेको हुन् भनी पर्खिबस्नु हुन्छ र त्यसपछि उहाँले तिनीहरूलाई नरकमा हाल्ने दण्ड दिन सक्नुभएको होस् । येशू हामीलाई परमेश्वरलाई पिताकोरुपमा हेर्ने शिक्षा दिनु हुन्छ । उहाँ हामीलाई जब हामी प्रार्थना गर्दछौं उहाँलाई "पिता" भनी सम्बोधन गर्नु भन्नुहुन्छ (मत्ती ६:९) । उहाँले परमेश्वरले हामीलाई बलिदानी प्रेमका साथ प्रेम गर्नुहुन्छ भनी भन्नुभएको छ (यूहन्ना ३:१६) । उहाँको हामीहरू प्रतिभएको प्रेमभन्दा महान प्रेमको कल्पनै गर्न सकिँदैन । उहाँले हाम्रो संगति चाहनुहुन्छ र जब हामी उहाँको आज्ञापालन गर्दछौं उहाँ त्यसमा कायम रहनुहुनेछ (यूहन्ना १४:२३) । यदि हामी उहाँबाट बरालिएर गयौं भने जब हामी पश्चाताप गर्दै उहाँतर्फ फर्कन्छौं, उहाँले हामीलाई प्रेमिलो

क्षमादानका साथ फेरि ग्रहण गर्नुहुनेछ (लूका १५:१९-३२) ।

हामीहरू प्रत्येकको निम्ति परमेश्वरले कुनै पनि मानिसले गर्न सक्ने भन्दा बढी गर्नुभएको छ । हामीले उहाँको त्यो महान प्रेमप्रति कस्तो प्रतिक्रिया जनाउनु पर्छ ? हामीले उहाँका वचन पालन गरेर र उहाँ एक जनालाई मात्र परमेश्वरकोरुपमा आराधना गरेर, उहाँलाई हाम्रो प्रेम फर्काउनु पर्ने हुन्छ। उहाँकोअघि हामी भय र आदरका साथ हिँड्नु पर्दछ ।

## हाम्रा न्यायकर्ता

उहाँ एक प्रेमिलो, अनुग्रही पिता हुनुहुन्छ, तापनि परमेश्वरले हाम्रो न्याय पनि गर्नु हुनेछ। उहाँ नै हुनुहुन्छ जसलाई हामीले समयको अन्त्यमा लेखा दिनु पर्नेछ ।

हामी प्रत्येकले, जसले हामीलाई सृष्टि गर्नुभको हो उहाँलाई लेखा दिनै पर्दछ भनी विश्वास गर्नु उचित हुन्छ र जेलाई विवेकले निर्देशित गरेको हुन्छ, बाइबलले त्यसलाई सत्य हो भनी घोषणा गरेको छ (प्रकाश २०:१२) । परमेश्वरले कसरी हाम्रो इन्साफ गर्नुहुनेछ ? उहाँको इन्साफ व्यक्तिगत हुनेछ, प्रत्येक व्यक्तिले उहाँलाई आफ्नो लेखा दिनुपर्नेछ (रोमी १४:१२) । उहाँको इन्साफ विशिष्ट हुनेछ, जसमा प्रत्येकलाई जसले जे भनेको छ (मत्ती १२:३६, ३७) र गरेको छ (२ कोरिन्थी ५:१०) त्यसको जिम्मेवार ठहराइनेछन् । उहाँको इन्साफ विश्वव्यापी हुनेछ, जसमा सबै जातिहरू उहाँकोअघि भेला हुनेछन् (मत्ती २५:३२) ।

परमेश्वरले येशू ख्रीष्टद्वारा हाम्रो इन्साफ गर्नुहुनेछ । धार्मिकता उहाँको मापदण्ड हुनेछ (प्रेरित १७:३०, ३१), उहाँको इन्साफ अन्तिम र अनन्तको हुनेछ (मत्ती २५:४६) । उहाँले न्याय गरिसकेपछि पुनर्विचारको निम्ति अनुरोध गर्न पाइने छैन ।

दुइवटा बाहनहरू दुर्घटनामा परेर अचेतभएको एउटा युवकको बारेमा यस्तो वृत्तान्त भनिएको थियो । त्यो दुर्घटनाको एक साक्षीले त्यस केटोलाई ती बाहनहरू आगोको लप्काका साथ विष्फोट हुनुअघि त्यहाँबाट तानेर सुरक्षित स्थानमा लगेको थिए । त्यसो नगरिएको भए त्यो केटो जलेर मर्ने थियो ।

उध्दार गरिएपछि, त्यो युवकले उसको आँखा खोल्यो र उसको जीवन बचाउने त्यो मानिसको अनुहार हेर्‍यो । उसले त्यो अनुहारलाई

कहिल्यै भुल्न सक्दैनथ्यो । त्यो केटो त्यस दुर्घटनाबाट निको भयो, र वर्षहरू बिते । जब उ पाको भयो, उ गम्भीर समस्यामा फस्यो । उसले कानून तोड्यो र उसको अपराधमा पक्राउ पऱ्यो । जब उ पुर्पक्षको निम्ति न्यायधीशकोअघि पुऱ्याइयो, उ आश्चर्यमा पऱ्यो, किनभने उसले त्यो न्यायाधीश त धेरै वर्षअघि उसलाई बचाउने मान्छे नै रहेछ भनी चिन्यो । बिना कुनै संकोच, उ प्याच्च बोल्यो, "आदरणिय, के तपाई मलाई चिन्नु हुन्छ ? धेरै वर्षअघि तपाईले दुर्घटनामा परेको गाडीबाट तानेर मेरो जीवन बचाउनुभएको थियो ।" ती न्यायाधीशले विचार गरेर भने, "हो, म चिन्छु । मैले बचाएको मान्छेको निम्ति मैले असल चाहना गरेको थिएँ । तिमीलाई बचाउन सकेकोमा खुसी थिएँ किनभने तिम्रो जीवन तिमी फेरि जिउन सक्ने भएका थियौं । तैपनि तिमीले यो तथ्यलाई बुझ्नै पर्ने हुन्छ । वर्षौंअघि जब मैले तिमीलाई त्यो गाडीबाट निकालेको थिएँ, म तिम्रो 'उध्दारकर्ता'भएको थिएँ, तर आज म तिम्रो न्यायकर्ता हुँ ।"

परमेश्वरलाई बाइबलमा हाम्रो उध्दारकर्ता र हाम्रो न्यायकर्ता दुवैकोरुपमा चित्रण गरिएको छ । उहाँले आफ्नो पुत्र हामीलाई पापबाट छुटकारा दिन पठाउनुभएको थियो । उहाँले हामीलाई बचाउन अति उच्च बलिदान दिनुभएको थियो । यदि हामीले सुनेनौं भने, यदि हामीले उहाँको उध्दारलाई अस्वीकार गऱ्यौं भने के हुनेछ ? त्यसपछि, उहाँले हामीलाई दण्ड दिनुहुनेछ, किनभने उहाँ हाम्रो अनन्तको न्यायाधीश हुनुहुन्छ ।

हामीलाई जीवनमा एक मुख्य कर्तव्य दिइएको छ । परमेश्वर को हुनुहुन्छ भन्ने देखिसकेपछि, उहाँका इच्छाहरू प्रति आज्ञापालक भै हामी उहाँकोअघि झुक्नै पर्छ । उहाँलाई हामीहरूले सत्य र जीवित परमेश्वरकोरुपमा आराधना गर्नै पर्छ । यस्तो जिम्मेवारीमा उहाँको वचन खोल्नु र त्यसलाई होसियारीका साथ पढ्ने काम पनि पर्दछ । उहाँ हाम्रो अनन्तको न्यायकर्ता मात्र होइन, हाम्रो प्रेमिलो उध्दारकर्ता पनि हुन चाहनुहुन्छ ।

## निष्कर्ष

परमेश्वरबारेका यी तथ्यहरूको प्रकाशमा, हामी उहाँकोबारेमा कुनै एक मत नलिई बस्न सक्दैनौं । उहाँकोबारेमा कुनै एउटा निर्णय

गर्नै पर्ने हुन्छ । त्यो एकमात्र विचारशील प्रतिक्रिया भनेको उहाँलाई सत्य र जीवित परमेश्वरकोरुपमा मानिलिनु र उहाँलाई विश्वास र आज्ञापालनका साथ सेवा गर्नु भन्ने हुन्छ ।

एकजना विद्यालयको शिक्षिकाले एकपल्ट आफ्नो कक्षालाई भनेकी थिइन्, "दुई रसायनशास्त्री, स्विडेनका कार्ल शेली र इंग्ल्याण्डका जोसेफ प्रिष्टलीले करिब सन् १७७५ मा अक्सिजन पत्ता लगाएका थिए ।" तुरुन्तै एक बालिकाले हात उठाएर सोधिन्, "उनीहरूले अक्सिजन पत्ता लगाउनअघि हामीले के मा श्वास फेर्ने गर्थ्यौं ?" निश्चय नै ती शिक्षिकालाई त्यसपछि अक्सिजन वायुमण्डलमा पहिले बाटै थियो, तर हामीलाई त्यसबारेमा थाहा थिएन अथवा ती दुई रसायनशास्त्रीहरूले पत्ता नलगाएसम्म त्यसको कुनै नाम थिएन भनी व्याख्या गर्नुपर्‍यो ।

हाम्रो संसार दुई किसिमका वास्तविकताहरूले बनेको छः त्यस्तो वास्तविकता जसलाई हामी आँखाले देख्न सक्छौं र हाम्रो भौतिक हातले छुन सक्छौं र ती सत्यहरू जसलाई हामी देख्न र छुन सक्दैनौं । पहिलो समूहका वास्तविकताहरू हाम्रा अगाडि एकदमै स्पष्ट हुन्छन्, किनभने हामीहरू ती प्रकट वस्तुहरूसँग काम गर्ने र तिनीहरूलाई पक्रने गर्दछौं । दोस्रो प्रकारका कुराहरूको वास्तविकता हामीलाई त्यति स्पष्ट हुँदैन । हामीलाई तिनीहरूबारे कम थाहा हुन्छ । हामीलाई तिनीहरू छन् भन्ने त थाहा हुन्छ, तर तिनीहरू कहिलेकाहीँ हाम्रो कल्पनाभन्दा पर हुन्छन् । हाम्रो मनमा, हामीलाई थाहा हुन सक्छ हाम्रो हावा पाँच भागको एक भाग अक्सिजन मिलेर बनेको छ र हामी त्यसमा श्वास नफेरी बाँच्न सक्दैनौं, तर हामी त्यसबारेमा सोच्दैनौं– हामी खाली श्वास मात्र फेर्छौं । हामीलाई एक नदेखिने वास्तविकता हावाभन्दा धेरै पेन्सिलकोबारेमा थाहा हुन्छ–एक देखिने वास्तविकता जसलाई हामी उठाउन सक्छौं र लेख्न सक्छौं ।

भन्न खोजेको कुरा के हो भने: केही वास्तविकताहरूलाई हामीले देख्दैनौं भन्नासाथ त्यसको अर्थ तिनीहरू वास्तविक होइनन् भन्ने हुँदैन । तिनीहरू हामीले देख्ने वस्तुहरू जत्तिकै वास्तविक हुन्छन्, यद्यपि हामीले तिनीहरूलाई देख्न अथवा छुन भने सक्दैनौं ।

हामीले देख्न नसक्ने सबैभन्दा महान वास्तविकता परमेश्वर हुनुहुन्छ । हामीले उहाँलाई हाम्रो भौतिक हातहरूले छुन सक्दैनौं, उहाँलाई परीक्षण नलीमा राखेर जाँच गर्न सक्दैनौं, अथवा हाम्रो भौतिक

आँखाले देख्न सक्दैनौं, तापनि उहाँ सर्वोच्च वास्तविकता हुनुहुन्छ । उहाँ हरेक वास्तविकताको जग हुनुहुन्छ, चाहे त्यो वास्तविकता देखिने होस् अथवा नदेखिने ।

एकजना धर्म प्रचारकले मानिसहरूलाई सत्य परमेश्वरकोबारेमा बताईरहेका थिए । उनले परमेश्वरको महान शक्ति, उहाँको प्रेम र उहाँको ज्ञानको वर्णन गरिरहेका थिए । एउटा वृध्द मानिसले उनको कुरा गहिरो चाख दिएर सुनिरहेका थिए । केही मिनटपछि, ती वृध्द भलाद्मी उठे र भने, "मलाई परमेश्वरको अस्तित्व छ भन्ने थाहा थियो, तर अहिलेसम्म उहाँको नाउँचाहिँ थाहा थिएन !"

परमेश्वर हाम्रा सृष्टिकर्ता, पालनहार, उध्दारकर्ता र न्यायाधीश हुनुहुन्छ । जसले परमेश्वरको अस्तित्वलाई इन्कार गर्छ, अथवा उहाँको आज्ञापालन गर्न र उहाँको सेवा गर्न चुक्छ, उसले गर्न सक्ने सबैभन्दा ठूलो गल्ती गरेको हुन्छ । त्यस व्यक्तिले उसको सृष्टिकर्तालाई अस्वीकार गरेको हुन्छ, मानिसको अस्तित्व र ब्रम्हाण्डको अस्तित्वको पछाडि रहेको महान सत्यलाई अस्वीकार गरेको हुन्छ । यो गल्ती नगर्नुहोस् ! परमेश्वरलाई सत्य र जीवित परमेश्वरकोरुपमा आराधना गर्नुहोस्; नम्र आज्ञापालनमा उहाँकोअघि झुक्नुहोस् ।

परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ र उहाँको परिवारमा आउने निमन्त्रणा दिनुहुन्छ । उहाँ तपाई यस जीवनमा दिनहुँ उहाँसँग संगतिमा हिँडेको चाहनु हुन्छ । उहाँ तपाईले अनन्तसम्म उहाँसँगै, त्यो स्वर्ग भनिने अनन्त शहरमा जीवन बिताएको चाहनुहुन्छ ।

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ट १ मा छन्)

१. "परमेश्वर" भन्ने शब्दको सहीरुपमा अधिकारी एक जना मात्र हुनुहुन्छ । किन ?

२. पुरानो नियमको ईश्वरत्वको विचारलाई संकेत गर्ने पदहरूको सूची तयार पार्नुहोस् ।

३. येशूको बप्तिष्मा, मानिसको उध्दारको कार्य, प्रार्थना र महान आज्ञाको बप्तिष्मा सबैले परमेश्वर एक हुनु भए तापनि तीन व्यक्तित्व हुनुहुन्छ (ईश्वरत्व) भन्ने विचारलाई कसरी समर्थन गर्दछन् ?

४. मानिसलाई परमेश्वरतर्फ आउनलाई उपलब्ध एक मात्र बाटो कुन हो ?

५. धर्मशास्त्रको कुन खण्डले परमेश्वरकहाँ हामी स्वर्गदूतहरू, सन्तहरू अथवा कुनै पनि जीवित अथवा मरेको मानिसद्वारा पुग्न सक्दैनौं भनी सिकाउँछ ?

६. कसरी प्रभु येशू "मानिसको पुत्र" र "परमेश्वरका पुत्र" दुबै हुन सक्नुहुन्छ ?

७. यद्यपि हामीलाई ईश्वरत्वको अंगहरूकोबारेमा थाहा नभएको कुरा धेरै छ, तापनि हामीले धेरै कुरा थाहा पाउन सक्छौं । बाइबलमा सिकाइएका यसबारेका केही तथ्यहरू के के हुन् ?

८. परमेश्वरले सबैथोक सृष्टि गर्नुभएको हो भन्ने सत्यताबाट के के वास्तविकताहरू बाहिर आउँदछन् ?

९. परमेश्वरले उहाँको संसारमा निरन्तर कार्य गर्नुहुन्छ भन्ने हामीसँग के प्रमाण छ ?

१०. परमेश्वरले कसरी हाम्रो इन्साफ गर्नुहुनेछ ?

## शब्द सहायताहरू

**प्रेरितहरू**–येशूद्वारा उहाँका विशेष सन्देशवाहक हुन चुनिएका बाह्रजना मानिसहरू (मत्ती १०:२-४)। यहूदाको मृत्युपछि, मतियोस प्रेरित चुनिएका थिए (प्रेरित १:२३, २६) । पछि, पावल त्यस संख्यामा थपिए (प्रेरित ९:१५, १६, १ तिमोथी २:७) । येशूले उहाँका प्रेरितहरूको प्रेरणाप्राप्त शिक्षा र प्रचारको आज्ञाहरू पालन गरिनु पर्दछ भनी सिकाउनुभएको छ (मत्ती १६:१९) ।

**बप्तिष्मा**–ग्रीकबाट आएको शब्द जसको अर्थ "पानीमा डुब्नु" हुन्छ । परमेश्वरले पापक्षमाको निम्ति बप्तिष्माको अख्तियार दिनुभएको थियो (हेर्नुहोस् मत्ती २८:१९, २०, रोमी ६:१-४, प्रेरित २:३८, ८:३६) ।

**ख्रीष्टियान**–एक व्यक्ति जसले ख्रीष्टको सुसमाचारको आज्ञापालन गरेको हुन्छ ।

**स्वीकार**–एक व्यक्तिको परमेश्वरका पुत्रकोरुपमा येशू ख्रीष्टमा रहेको विश्वासको स्वीकारोक्ती र एक व्यक्तिले उहाँलाई प्रभु र मुक्तिदाताकोरुपमा स्वीकार गर्नु (हेर्नुहोस् प्रेरित ८:३७, रोमी १०:१०, १ तिमोथी ६:१२) ।

**चेला**–सिकारु अथवा पछि लाग्ने। प्रेरित ११:२६ मा येशूका चेलाहरूलाई

ख्रीष्टियान भनिएको छ ।

**सुसमाचारका लेखहरू**–नयाँ करारका पहिलो चार पुस्तकहरू (मत्ती, मर्कूस, लूका र यूहन्ना) जसले येशूको जीवन, मृत्यु र पुनरुत्थानकोबारेमा बताउँछन् ।

**महान आज्ञा**–येशूले उहाँका चेलाहरूलाई जाउ र प्रत्येक व्यक्तिलाई सुसमाचार प्रचार गर भनी दिनुभएको आज्ञा (मत्ती २८:१८-२०, मर्कूस १६:१५, १६) ।

**मध्यस्थ**–त्यो व्यक्ति जो समस्या समाधान गर्न "बिचमा बस्दछ" । येशू, परमेश्वरका पुत्र, परमेश्वर र मानिसको बिचको मध्यस्थ हुनुहुन्छ। उहाँले पापको समस्या समाधान गर्नुहुन्छ ।

**अभिप्राय**–परमेश्वरले मानिसको निम्ति गर्नुहुने प्रबन्ध र इन्तजाम । (यद्यपि "अभिप्राय" शब्दलाई नयाँ करारमा त्यस तरिकाले प्रयोग गरिएको छैन, यो रोमी ८:२८ मा भएअनुसार, एक बाइबलिय शिक्षा हो ।)

**उध्दारकर्ता**–जसले "छुटाउनु हुन्छ" । उहाँको मृत्युद्वारा येशूले छुटाउनु हुन्छ अथवा मानिसहरूको पापमा हराएका आत्माहरूको निम्ति दामतिरी दिनुहुन्छ ।

**उध्दार**–परमेश्वरबाट टाढा गएपछि "फिर्ता ल्याइएको" अवस्थामा हुनु । ख्रीष्टियानहरूलाई अक्सर गरेर "उध्दार पाएका" भनी सम्बोधन गरिएको छ ।

**पश्चाताप**–एक व्यक्तिले सोच्ने तरिकालाई परिवर्तन गर्ने काम र त्यसकारण जीवन जिउने तरिका परिवर्तन गर्ने काम ।

**सन्त**–नयाँ करारका ख्रीष्टियान ।

**मुक्ति**–पापबाट उध्दार; मुक्ति येशू ख्रीष्टबाट मात्र पाउन सकिन्छ ।

**मुक्तिदाता**–जसले अरुलाई खतरा अथवा मृत्युबाट बचाउँदछन् । येशू हाम्रो मुक्तिदाता हुनुहुन्छ, हामीलाई पाप र अनन्त मृत्युबाट बचाउनु हुन्छ ।